कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

गमगढी, मुगु

## मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८।१२।२०

कर्णाली प्रदेश सरकारले गरिव, बेजोरगार तथा विपन्न दलितको परम्परागत पेशा वा व्यवसायलाई आधुनिकरण गर्दै आय आर्जन क्षमता विकास गर्न देहायका कार्यक्रम सञ्चालन गर्न लागेको हुँदा यस कार्यक्रममा सहभागि हुन चाहने मुगु जिल्ला भित्रका इच्छुक दलित दलित समुदाय तथा दलितलाई वित्तिय पहुँच सेवा दिन इच्छुक व्यक्ति/सहकारी संस्थाले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र देहाय बमोजिमका कागजात संलग्न राखि छायाँनाथ रारा नगरपालिकाको लागि यस उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय मुगुमा र अन्य ३ पालिकाको लागि आ-आफ्नो पालिकामा आवेदन दिनुहुन मुख्यमन्त्रि दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ८ को उपदफा (२) बमोजिम यो सुचना प्रकाशन गरिएको छ ।

| क.सं. | कार्यक्रम | आवस्यक लाभग्राहि संख्या |
|---|---|---|
| १ | सिप विकास तालिम कार्यक्रम | ६० जना मात्र |
| २ | सामाग्रि तथा पुर्वाधार सहयोग कार्यक्रम | - |
| ३ | वित्तिय पँहुज सहयोग कार्यक्रम | - |

आवश्यक कागजात

**क) सिप विकास तालिम कार्यक्रमको लागि आवश्यक कागजातः**

१. नेपाली नागरिकताको प्रमाणपत्र,
२. सम्बन्धित निर्वाचन क्षेत्र भित्र कम्तिमा छ महिना अगाडि देखि बसोबास गरेको, समान प्रकृतिको कार्यक्रम बाट लाभ प्राप्त नगरेको, विपन्न नागरिक भएको र परम्परागत रुपले पेशा गर्दै आएको व्यहोराको स्थानिय तहको सिफारिस,
३. कार्यविधिको अनुसुचि-३ बमोजिम परियोजना प्रस्ताव,
४. सिप अभिबृद्धि तालिम कार्यक्रमका लागि परम्परागत पेशा वा व्यवसायमा संलग्न भएको प्रमाण र तालिम पछि आय आर्जन व्यवसायमा संलग्न हुने कबुलियतनामा ।

**ख) सामाग्रि तथा पुर्वाधार सहयोग कार्यक्रमका लागि आवश्यक कागजातः**

१. नेपालि नागरिकताको प्रमाणपत्र,
२. सम्बन्धित निर्वाचन क्षेत्र भित्र कम्तिमा छ महिना अगाडि देखि बसोबास गरेको, समान प्रकृतिको कार्यक्रम बाट लाभ प्राप्त नगरेको, विपन्न नागरिक भएको र परम्परागत रुपले पेशा गर्दै आएको व्यहोराको स्थानिय तहको सिफारिस,
३. कार्यविधिको अनुसुचि-१ बमोजिम व्यवसाहिक योजना, लागत साझेदारि प्रस्ताव, व्यवसाय दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४. कार्यविधिको अनुसुचि-३ बमोजिम परियोजना प्रस्ताव,
५. पेशा व्यवसायलाइ आधुनिकरण गर्न आवश्यक मेशिन, उपकरण वा पुर्वाधार निर्माणको व्यवसाहिक प्रस्ताव,
६. दलितलाइ संगठित गरी सामुहिक रुपमा उत्पादन तथा आय-आर्जनको क्रियाकलाप व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण सम्बन्धि आयोजना प्रस्ताव,

कृष्ण बहादुर बोहरा
कार्यालय प्रमुख

Scanned with CamScanner

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

गमगढी, मुगु

क्रमशः

७. सीप अभिबृद्धि तालिम प्राप्त गरि रोजगारिमा आवद्ध हुन चाहाने लाभग्राहिले आवश्यक सामाग्रि वा उ तथा उद्योग स्थापनाका लागि आयोजना प्रस्ताव,

८. लाभग्राहिलाइ संगठित गरी सामूहिक स्तरमा आय-आर्जनका क्रियाकलाप संचालन गर्न सहयोग पुग्ने सहकारि, साझेदारि उद्योग वा व्यवसाय सम्वन्धि साझेदारियुक्त लागत प्रस्ताव,

९. समुहगत लाभग्राहिको हकमा प्रत्येक समुहमा फरक फरक घर परिवारका कम्तिमा पन्ध्र जना लाभग्राहि समेटिएको समूहको निर्णयको प्रतिलिपि र सदस्यको नामावली,

१०.पेशा वा व्यवसायलाइ निरन्तरता गर्ने लिखित प्रतिवद्धता ।

**ग) वित्तिय पहुँच सहयोग कार्यक्रमका लागि आवश्यक कागजातः**

१. सहकारी संस्थाले दर्ता प्रमाणपत्र, विनियम, पछिल्लो लेखापरिक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

२. कार्यविधिको अनुसुचि-१ बमोजिम व्यवसाहिक योजना र अनुसुचि-४ बमोजिमको प्रतिवद्धता पत्र,

३. सहकारि संस्थाको साधारण सभा वा सञ्चालक समितिबाट विउपूँजि रकम प्राप्त गरि आय-आर्जन कार्यक्रममा अधिकतम परिचालन गर्ने व्यहोराको निर्यणको प्रतिलिपि,

४. सहकारि संस्थाको कार्यक्षेत्र, वित्तिय क्षमता, शेयर सदस्य संख्या र संगठानात्मक संरचनाको विवरण खुलेको कागजात,

५. पेशा वा व्यवसायलाइ निरन्तरता गर्ने लिखित प्रतिवद्धता ।

**घ) वित्तिय पहुँच सहयोग कार्यक्रमका लागि व्यक्तिले पेश गर्नुपर्ने कागजातः**

१. नेपालि नागरिकताको प्रमाणपत्र,

२. अनुसुचि-३ अनसारको आवेदन,

३. कार्यविधिको अनुसुचि-१ बमोजिम व्यवसाहिक योजना, लागत साझेदारी प्रस्ताव सम्बन्धित पेशा व्यवसायको तालिम लिएको प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

४. पेशा वा व्यवसायलाइ आधुनिकरण गर्न आवश्यक मेशिन, उपकरण वा पुर्वाधार निर्माणको व्यवसाहिक प्रस्ताव,

५. समुहगत लाभग्राहिको हकमा प्रत्येक समुहमा फरक फरक घर परिवारका कम्तिमा पन्ध्र जना लाभग्राहि समेटिएको समुहको निर्णयको प्रतिलिपि र सदस्यको नामावलि,

६. पेशा वा व्यवसायलइ निरन्तरता गर्ने लिखित प्रतिवद्धता ।


**थप जानकरीको लागि सम्पर्क**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय

गमगढी, मुगु

सम्पर्क नं. ०८७-४६००८७, ९८५८०५८१९९, ९८४८०८८१३६


१५/१२

कृष्ण बहादुर बोहरा
कार्यालय प्रमुख

Scanned with CamScanner